इन्द्रायणी मन्दिरमा सिंहको मुर्ति प्रतिस्थापन गरियो । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-२७ ● २०८१ माघ ०७ गते सोमबार, ● 20 January, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## इन्द्रसरोवरमा '२ नम्बर वडा अध्यक्ष कप' खेलकुद प्रतियोगिता हुने

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा वडा अध्यक्ष कप भेट्रान्स फुटबल सहित विविध खेलकुद हुने भएको छ। मञ्जुश्री संवत २८६१ (डुल) सर्पवर्ग ल्हो सोनाम ल्होछारको अवसरमा प्रतियोगिता हुन लागेको हो । इन्द्रसरोवरको २ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा १६ माघदेखि ४ दिनसम्म खेलकुदका साथै साँस्कृतिक कार्यक्रम समेत हुने आयोजकले जानकारी दिएको छ ।

खेलकुदका कार्यक्रमहरू अन्तर्गत भेट्रान्स फुटबल, महिला तथा पुरुष भलिबल र महिलातर्फ नै डोरी तान्ने खेल हुने वडा अध्यक्ष सुमन श्रेष्ठले जानकारी दिए । सो प्रतियोगिताको अवसरमा साँस्कृतिक कार्यक्रम समेत आयोजना गरिएको छ ।

खेलकुद प्रतियोगिता अन्तर्गत भेट्रान्स फुटबलमा प्रथम हुने टिमलाई नगद ४० हजार, दोस्रो हुनेलाई २० हजार, भलिबलतर्फ महिला तथा पुरूषको भिन्दाभिन्दै प्रतियोगितामा प्रथम हुनेले २० हजार, दोस्रो हुनेले १० हजार नगद पुरस्कार पाउने समितिले जनाएको छ ।

त्यसैगरी डोरी तान्ने खेलतर्फ प्रथम हुनेले नगद २० हजार र दोस्रो हुनेले १० हजार पुरस्कार पाउने जनाइएको छ । सबै प्रतियोगिताका विजेता तथा उप विजेताहरूलाई नगदका साथै शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने वडा कार्यालयले जनाएको छ । कार्यक्रममा उपस्थित हुनका लागि सम्पूर्णलाई आयोजकले अनुरोध गरेको छ ।

# अध्यादेशले थाहानगर १ नम्बर वडाध्यक्षको गाँठो फुक्यो !

विकास संवाददाता
थाहानगर

संघीय सरकारले २९ पुसमा राजपत्रमा प्रकाशन गरेको सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबाट स्थानीय सर कार सञ्चालन ऐनसहित अन्य कानून समेत संशोधन भएको छ । अध्यादेशमार्फत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दुईवटा दफा संशोधन भएका छन् ।




ऐनको दफा ११६ को सबै व्यवस्था संशोधन भएको छ भने दफा ११ को उपदफा (२) खण्ड (न) मा उपखण्ड (११) मा (११ क) थपिएको छ । दफा ११६ (१) मा 'अध्यक्ष उपाध्यक्ष वा प्रमुख उपप्रमुख दुवै निलम्बनमा परेमा वा कुनै कारण दुवै पद रिक्त भएमा कार्यपालिका सदस्यहरूले आफूमध्येबाट छनोट भएको सदस्यले कार्यबहाक अध्यक्ष, उपाध्यक्ष वा प्रमुख उपप्रमुख भई काम गर्ने छ' भन्ने व्यवस्था राखिएको छ ।

त्यस्तै सोही दफाको उपदफा (२) मा 'वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वा निज निलम्बनमा परेमा वडा समितिका सदस्यहरूले आफू मध्येबाट छनोट गरेको सदस्यले कार्यबहाक वडा अध्यक्ष भई कार्य गर्नेछ'-भन्ने व्यवस्था थपिएको छ । अध्यादेश मार्फत संशोधित कानूनका आधारमा मकवानपुर थाहा नगर पालिकाको १ नम्बर वडामा एकवर्ष अघिबाट कार्यवहाकको जिम्मेवारीमा रहेका वडा सदस्य सरोज प्रधानले वैद्यता पाएका छन् । निर्वाचित वडाध्यक्ष हेरमान गोपाली २०८० सालको पुसमा विदेशिएपछि १ नम्बर वडा कार्यबहाक अध्यक्षको भरमा संचालन हुँदै आएको थियो । २०७९ को स्थानीय तहको निर्वाचनबाट निर्वाचित गोपाली रोजगारीको शिलशिलामा इजरायल गएको बताइएको छ ।

त्यस्तै अध्यादेश मार्फत संसोधन गरिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड (न) मा उपखण्ड (११) मा (११ क) थपिएको छ । यस उपखण्डमा 'एम्बुलेन्स, वारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन' गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ ।

## कानून छल्दै वडाध्यक्ष इजरायल पुगे

स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ संघीयतापछिको पहिलो निर्वाचन सक्ने वित्तिकै नेपाल सरकारले जारी गरेको छ । अहिले पनि यहि कानूनका आधारमा स्थानीय तहका पदाअधिकारीहरू विदेश जाने गरेका छन् । तर थाहा नगरपालिकाको १ नम्बर वडाध्यक्ष हेरमान गोपाली निर्देशिका छलेर विदेश पुगेका छन् ।

स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को दफा ३ मा उल्लेख भएको विदेश भ्रमणका लागि मनोनयनका आधारमा पदाअधिकारी विदेश जान पाउने संघीय कानून छ । उक्त आधार पुष्टि भएपछि सोही निर्देशिकाको दफा ४ बमोजिम विदेश जानका लागि मनोनयन हुने व्यवस्था छ । दफा ३ मा आधारहरू खुलाउँदै निर्देशिकामा लेखिएको छ-'निमन्त्रणा गर्ने मुलुकको समकक्षी वा निमन्त्रणा गर्ने संस्थाको निमन्त्रणा प्राप्त भएको, भ्रमणको विषयवस्तु र सहभागिताको दृष्टिले पदाधिकारी नै सहभागी हुन उपयुक्त भएको, भ्रमणबाट स्थानीय तहको आर्थिक, सामाजिक, सांस्कृतिक, विकास, सेवा प्रवाह तथा अन्य विविध क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएको लगायत छन् । तर यि सबै आधार बाहेक निर्वाचित अध्यक्ष गोपाली रोजगारको शिलशिलामा इजरायल गएको बुझिएको छ ।

स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ दफा ४ को खण्ड (क) मा जिल्ला समन्वय समिति प्रमुख र महानगरपालिकाका प्रमुखको हकमा नेपाल सरकाले वैदेशिक भ्रमणका लागि मनोनयन गर्ने व्यवस्था छ । सोही दफाको खण्ड (ख) मा भनिएको छ । 'खण्ड (क) मा उल्लेख भएका पदाअधिकारी बाहेक अन्य पदाअधिकारीको हकमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्री ।'

यद्यपि वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मनोनित भएर विदेश भ्रमण गरेका होइनन् । उनी रोजगारीकै शिलशिलामा इजरायलमा छन् ।

## सकियो मिनी आग्रा महोत्सव, सल्ले राम्चेलाई अन्तरपालिका भलिबलको उपाधी



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको ऐसेलुखर्कमा भएको अन्तर पालिकास्तरीय खुल्ला भलिबल प्रतियोगिताको उपाधि सल्ले राम्चे युवाक्लबले हात पारेको छ । वडा नम्बर ८ को ऐसेलुखर्कमा २ माघमा भएको फाइनल खेलमा चण्डेश्वरी युवाक्लबलाई पराजित गर्दै सल्ले राम्चेले उपाधि आफ्नो पक्षमा पारेको हो ।

प्रतियोगितामा सल्ले राम्चे युवा क्लबले चण्डेश्वरीलाई २५-१८, २५-२३ र २५-१२ को सोझो सेटमा पराजित गर्दै उपाधी हात पारेको हो । उपाधी चुमेसंगै सल्ले राम्चे युवा क्लबले नगद एक लाख सहित टूफी मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता चण्डेश्वरीले ५० हजार नगद सहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी सल्ले राम्चेका नवीन महतो पुतली घोषित हुँदा वेष्ट सेटर सल्ले राम्चेका मन्जिल गुरूङ बन्न सफल भए भने बेष्ट सर्भर सल्ले राम्चेकै बलराम सुवेदी घोषित भए । बेस्ट ब्लकर चण्डेश्वरीका प्रवेश कार्की, बेस्ट लिब्रो सल्ले राम्चेका अनिल मोक्तान र बेस्ट स्पाइकर चण्डेश्वरीका अफसोच साही ठकुरी घोषित भए ।

प्रतियोगितामा विजेता तथा उत्कृष्ट खेलाडीहरूलाई प्रमुख अतिथी नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि तथा नेपाल निर्माण व्यावसायी महासंघका पूर्व अध्यक्ष जयराम लामिछाने तथा विशिष्ट अतिथी थाहा नगरपालिका नगर कार्यपालिकाका उपप्रमुख भरत गोपालीले पुरस्कार प्रदान गरेका थिए । २८६१ औं

बाँकी पेज ६ मा

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

विकास खबरपत्रिका साप्ताहिक · www.bikaskhabar.com · प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
२०८१ माघ ०७ गते सोमबार, 20 Jan., 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## • सम्पादकीय •

### तीन तहका सरकार र पर्यटन

नेपाल विश्व पर्यटन संगठनको सदस्य राष्ट्र हो । नेपालले पर्यटन उद्योगको विकासका लागि काम गर्दै आएको छ । नेपालमा पर्यटन मन्त्रालय (संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय), पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, नेपाल पर्वतीय प्रशिक्षण, पर्यटक प्रहरी, पर्यटन समितिहरू (तारा गाउँ विकास समिति, नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति, पर्वतीय प्रशिक्षण विकास समिति, लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति) रहेका छन् । त्यस्तै निजी क्षेत्रमा उद्यम व्यवसायीहरू, उनीहरूको कम्पनी तथा हित संगठनहरू, पेशाकर्मी तथा उनीहरूको ट्रेड युनियन, संघ, महासंघ र आधिकारिक सामूहिक सौदाबाजी समितिहरू पनि सक्रिय रहेका छन् । नेपालको पर्यटन उद्योग तथा बजारमा १५ खर्ब लगानी रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान ७.८ प्रतिशतको हाराहारीमा छ । लगानी र उत्पादनमा पर्यटन उद्योगको उल्लेखनीय सक्रियता देखिएको मात्र होइन, उल्लेखनीय रोजगारी पनि दिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ ले प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिकाको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखेमा त्यसको लागि मापदण्ड तोकी कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरेको छ । यसरी घोषणा गरिएका सांस्कृतिक वा पर्यटकीय क्षेत्रको विकासको लागि प्रदेश सरकारले विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सक्नेछ । यद्यपि यस दफा अन्तर्गत गाउँपालिका वा नगरपालिकाले पनि आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ । तसर्थ प्रदेश सरकार वा स्थानीय सरकारहरूको पर्यटन नीति र पर्यटन विकासको कामकुराहरू स्पष्ट र व्यवस्थित हुन नसकेको अवस्थामा नेपालको र यस देशभित्र प्रदेशहरूको र त्यसभित्र पनि स्थानीय तहहरूको पर्यटकीय विकासको अवस्था के छ भन्ने कुरा जान्नका लागि हामीले संघीय सरकारले सञ्चालन गर्दै आएको कामकुराकै अध्ययन गर्नुपर्ने हुन्छ । संघीय सरकारले अवलम्बन गरेको पर्यटन नीति र त्यस नीतिमा आधारित कार्यक्रमहरूको लक्ष्य के रहेको छ भन्ने कुराले नै प्रदेशस्तरको आवश्यकतालाई कसरी पूरा गर्दछ भन्ने कुरा जान्न सकिन्छ ।

ग्रामीण पर्यटनको विकासका लागि पूर्वाधार हुनुपर्दछ । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, जैविक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक सम्पदाहरूलाई पर्यटकीय गन्तव्यको नाम र पहिचान नदिई पर्यटकीय गन्तव्य बन्न सक्दैन । आन्तरिक पर्यटनलाई बढावा नदिएसम्म बाह्य पर्यटकको आगमनको अपेक्षा राख्न सकिदैन । ग्रामीण पर्यटनलाई अवधारणामा मात्र सीमित राखेर यस क्षेत्रको विकास सम्भव छैन । ग्रामीण पर्यटन विकासको काम गर्न त्यति सजिलो पनि छैन । पर्यटन विकासको काम कहाँबाट र कसरी सुरु गर्ने भन्ने प्रश्नको जवाफ पनि सहज छैन । तर यससँगै यो काम असम्भव छ भन्ने पनि होइन । ग्रामीण पर्यटनमा स्थानीय समुदायको दायित्व र स्वामित्व स्थापित हुनुपर्दछ र गुणस्तरीय सेवा प्रतिस्पर्धात्मक हुनुपर्नेछ । प्रतिस्पर्धाले पर्यटन व्यवसाय व्यवस्थित बन्नेछ । पर्यटनले व्यवसायको रूप र आकार ग्रहण गरेपछि बाह्य र आन्तरिक दुवै पर्यटकको आगमनमा वृद्धि हुनेछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# गफले होइन, कामले प्रकृतिपूजक बनौं



◆ विपिन आचार्य

नेपालको सन्दर्भमा कतिपय जनजाति समुदाय र सनातनी हिन्दू आफूलाई 'प्रकृतिपूजक' दाबी गर्छन् । २०७८ सालको जनगणनामा धर्मको महलमा प्रकृतिपूजक थपिएपछि ठूलै हंगामा भएको थियो। विश्व हिन्दू परिषद्, नेपालले आफू सच्चा प्रकृतिपूजक भएको र षडयन्त्रपूर्वक र नियोजित ढंगले हिन्दूको संख्या कम देखाउन जनगणनामा प्रकृतिपूजकको महल थपिएको भन्दै आपत्ति जनायो ।

जनजातिमध्ये मगर समुदायले त संगठित रूपमै 'प्रकृतिपूजक मगर समाज' गठन गरेरै जनगणनामा प्रकृतिपूजक धर्मको महल राख्न वकालत गरे। जे होस्, २०७८ को जनगणनाअनुसार पहिलो पटक व्यवस्था गरिएको प्रकृतिपूजक धर्म मान्नेको संख्या एक लाख दुई हजार ४८ पुगेको छ ।

हिन्दू परम्परामा प्रकृतिलाई सम्बोधन गर्ने पञ्चतत्त्व; जल, वायु, अग्नि, भूमि र आकाश (अन्तरिक्ष)को महिमा उच्च स्थानमा छ। पानी, हावा, अग्निरूपी ताप र आकाश समुच्चयमा देवता हुन्। वर पीपल, तुलसी, कुश, शालीग्राम, गाईगोरू आदिलाई त अनेक पर्व र अवसरमा सनातनीले पुजेकै छन्। देवताका वाहनका रूपमा कतिपय प्राणीको चर्चा पनि गरिन्छ। यी सबै प्रकृतिका अंश हुन्। अतः हिन्दूहरू प्रकृतिपूजक हुन् ।

यो भयो शास्त्रीय व्यवस्था। तर प्रकृतिपूजकको हाम्रो रटान अहिले आत्ममुग्धताको तहमा पुगिसकेको छ। आत्ममुग्धताले सर्वत्र आफ्नो श्रेष्ठता मात्र देख्छ, समय सापेक्ष अद्यावधिक हुन, आफ्ना समस्या या कमजोरी पहिचान गर्न दिँदैन। समस्याको पहिचान गर्न प्रयास नगरेपछि सुधारका पहल हुने पनि भएनन् नै ।

आत्ममुग्धताको पर्दा एक पटक खोली प्रकृतिप्रति हाम्रो बुझाइ, प्रकृतिसँग हामीले गरिरहेको व्यवहार र पर्यावरणको विद्यमान अवस्थाबारे थोरै मात्र चिन्तन गर्ने हो भने पनि आत्मबोध हुनसक्छ कि हामी साँचो अर्थमा प्रकृतिपूजक हौँ कि हैनौँ। आफूलाई प्रकृतिपूजक भनेर भट्याउने हामीहरू आजका दिनमा केबल पूर्णतः पाखण्ड त होइनौँ ?

संयुक्त राष्ट्रसंघले पहिचान गरेका धर्तीका तीन ठूला चुनौती जलवायु परि वर्तनसँगै प्रदूषण र जैविक विविधताको ह्रास हुन्। यी तीन महासंकटबाट पार लाग्ने अभ्यासमा हामी आम नेपालीले दुई किसिमले अगुवाइ गर्न सक्छौँ । जलवायु परिवर्तनको विषय धेरै हदसम्म आम नेपालीको नियन्त्रणबाहिर छ, किनकि वैश्विक कार्बन उत्सर्जनमा हाम्रो योगदान अत्यन्तै नगण्य छ। कार्बन उत्सर्जनमा व्यापक कटौती गरी जलवायु परिवर्तनमा लगाम लगाउन विश्व महाशक्ति राष्ट्रहरूबीच आम सहमति नभई सम्भव छैन । तर यसको लागि दबाब आन्दोलन र बहस पैरवी भने हामीले पनि गर्नैपर्छ ।

दोस्रो हो – वातावरणीय स्वच्छता र संरक्षणको स्थानीय अभ्यास। यस अभ्यासमार्फत धर्तीका थप दुई महासंकट (भयावह प्रदूषण र जैविक विविधताको ह्रास)बाट धेरै हदसम्म पार पाउन सकिन्छ। धेरै हदसम्म यो विषय हाम्रो नियन्त्रणभित्र पनि छ। आफूलाई प्रकृतिपूजक दाबी गर्नेले गर्नै पर्ने काम पनि यही हो। पर्यावरणीय संकटको यो समयमा पर्यावरण संरक्षणतर्फ सम्भव हुने सबै काम गर्नै पर्ने छ । यति लेख्दै गर्दा म विश्वव्यापी रूपमा हावाको गुणस्तर मापन गर्ने मोबाइल एप 'एक्यूआई एअर'मा गएर हावाको गुणस्तर हेर्दै छु। काठमाडौँलगायत देशका विभिन्न शहर को हावाको गुणस्तर रातो रङमा छ, प्रायः सबैजसोको अंक १५० माथि छ। हावाको गुणस्तर (एक्यूआई) ५० भन्दा कमलाई राम्रो मानिन्छ ।

काठमाडौँ बेलाबेला विश्वकै प्रदूषित हावा भएको सहरको कीर्तिमान पनि राख्छ । सन् २०२३ मा विश्वकै सबैभन्दा बढी वायु प्रदूषण भएका प्रमुख ५० शहर मध्ये ४२ वटा त बहुसंख्यक सनातनी प्रकृतिपूजक हिन्दू समुदायको बाहुल्य रहेको भारतीय शहर थिए। ८१ प्रतिशतभन्दा बढी प्रकृतिपूजक हिन्दू सनातनी बसोबास गर्ने भारतको राजधानी नयाँ दिल्ली यस वर्ष 'नो गुड एअर डे'को रूपमा सकिँदै छ ।

इनर्जी पोलिसि इन्स्टिच्युटका अनुसार नयाँ दिल्लीको जस्तो हावामा सास फेर्दा मानिसको आयु औसतमा ११ वर्षसम्म छोटिन्छ। सन् २०२१ मा विश्वभर ८१ लाख बढी अपरिपक्व मानिसको मृत्युको प्राथमिक कारण वायु प्रदूषण रह्यो। आफ्ना वायु देवता यसरी थिलथिलो भएको देख्दा हरेक प्रकृतिपूजकको 'आस्थामा ठेस' लागिहाल्नुपर्ने हो । तर आस्थामा ठेस लागेर त्यसविरूद्ध आवाज उठाएको कतै सुनिँदैन ।

पञ्चतत्वकै अर्को अंग जलदेवतालाई हामी कति सम्मान गर्छौं भन्ने कुरो बुझ्न हाम्रा खोलानाला र तालतलैया हेरे पुग्छ। केही वर्ष अघिसम्म हामी प्रदूषित खोला या नदिको उदाहरण दिनुपरे बागमतीको नाम लिन्थ्यौँ। अब देशका शहर सबैजसो शहर र शहरोन्मुख बजार क्षेत्रमा सयौँ हजारौँ बागमती छन्। सतहको पानी, भूमिगत पानीलगायत सर्वत्र पानीको प्राकृतिक गुण क्षयीकरण हुने गति तीव्र छ ।

प्लास्टिक प्रदूषण, माटो प्रदूषण, शहरी क्षेत्रमा ध्वनि प्रदूषणको अवस्था उत्तिकै भयावह छ। यो सबैका पछाडि पर्यावरणप्रतिको हाम्रो निम्छरो 'सिभिक सेन्स' (नागरिक चेतना/बुझाइ) जिम्मेवार छ । सिभिक सेन्स निरन्तरको व्यवहारिक अभ्यासमार्फत निखारिने चिज हो । सिभिक सेन्सले उच्चस्तरको चेतनामार्फत सही/गलत वा नैतिक/अनैतिक व्यवहारको निर्क्योल गर्छ । विद्यालयमा प्रदूषण र स्वच्छताबारे राम्रैसँग पढाइन्छ। तर स्कुल परिसरमै प्लास्टिक प्रदूषणकै थुप्रो थुप्रिरहन्छ भने त्यहाँ सिकाइ त भयो, तर सिभिक सेन्सको राम्रो अभ्यास भएन ।

शहरी हरियाली, सार्वजनिकस्थल, स्वच्छ हावा, प्राकृतिक बहावयुक्त सफा खोलानाला यी सबै स्थानीय प्रयासमा सम्भव हुने कुरा हुन्। प्रदूषणरहित वातावरण हुँदा हाम्रै दैनिकी सहज हुने हो । धेरै आर्थिक–सामाजिक सूचकमा हामीभन्दा तल नै रहेको अफ्रिकी राष्ट्र रूवान्डाले पर्यावरणको क्षेत्रमा देखाएको उच्चस्तरको सिभिक सेन्सको प्रशंसा विश्वभर छ । रूवान्डालाई अफ्रिकाको सिंगापुर पनि भनिन्छ। यो नजिरका आधार मा गरिब र दरिद्र भएकैले हामीले पर्यावर णका क्षेत्रमा काम गर्न नसकेको भन्ने छुट पनि हामीलाई छैन । प्रकृतिपूजकको रटान लगाइरहने, प्रकृतिलाई हामी कति सम्मान गर्छौं भन्दै शास्त्रको 'रिफरेन्स' दिइरहने तर त्यसको व्यवहारिक अभ्यास गर्दै नगर्ने, बिग्रेको पर्यावरणबारे अद्यावधिक हुनै नचाहने ! कस्तो नमिल्दो र विरोधाभासपूर्ण चरित्र हाम्रो ।

हाम्रा रिवाज सहज र छिटोछरितो (स्मार्ट) बनाऔँ– आस्थामा ठेस लागिहाल्छ। मन्दिर र शक्तिपीठमा पशुबली सही होइन भनेर कसैले आवाज उठाए आस्थामा ठेस लागिहाल्छ। हाम्रा कर्मकाण्ड वा यज्ञ विधिभित्र भएका अन्धविश्वासका केही ऐजेरू काँटछाँट गरौँ न ! हाम्रो भावनामाथि प्रहार भयो भनेर हामीमा बेचैनी हुन्छ । तर जहाँ बेचैनी हुनुपर्ने हो, त्यहाँ फिटिक्कै हुन्न ।

म बस्ने ठाउँ (घोराही दाङ)कै उदाहरण लिऊँ। घोराही उपमहानगर पालिकाको केन्द्र भागमा एक भव्य सार्वजनिक स्कुल छ। त्यसनजिकै कटुवा खोलाको एक सहायक खोला पर्छ। 'चमै सोतो' नाम भएको यो जलाधार अब खोलाभन्दा बढी नालीझैँ लाग्छ। यो खोला पार गरेर पल्लोपट्टि पुग्दा 'भीआईपी' टोल पुगिन्छ। बासिन्दा सबै प्रकृतिपूजक नै हुन् । शासक/प्रशासकसँग ती भीआईपीको पहुँच छ, सार्वजनिक स्वीकार्य छ, फुर्सद पनि छ, आर्थिक सामर्थ्य पनि गतिलो छ। यिनै प्रकृतिपूजक भीआईपीमध्ये कुनै एक जना निस्केर व्यापक स्थानीय जनसहभागितासहित पर्यावरणीय सिभिक सेन्स प्रवर्द्धनको अगुवाइ गरे त्यसले गतिलो नजिर बस्न सक्थ्यो ।

अनि उनीहरूले भन्न सक्थे, 'हामी आफूलाई साँचो अर्थमा प्रकृतिपूजक दाबी गर्छौं भने हाम्रा देवता जल देवता, वायु देवता र देवता यसरी थिलथिलो पर्दा हाम्रो आस्थामाथि प्रहार भएको बुझौँ। त्यो प्रहार हामीले नै गरेको बुझौँ। आउनुस्, आफ्नो भुल सुधारका लागि प्रदूषणको स्रोतमै लगाम लगाऔँ। जुटौँ ।'

आफूलाई प्रकृतिपूजक समुदाय दाबी गर्ने प्रिय सज्जनहरू, नालीझैँ बगिरहेका खोला, डम्पिङ साइटझैँ बनिरहेका शहर बजारका नजिकका खोल्सा र वनजंगलको अवस्था सुधार्न किन केही गर्दैनौँ ? किन 'नेताले देश बिगार्‍यो' भन्दै मात्रै एकोहोरो कराइरहन्छौँ? यही धर्तीमा यहीँको पानी पिएर र यहीँको रूखले दिने अक्सिजनमा यही आकाशमुनि हामी बाँच्नुपर्ने होइन ? कर्मले प्रकृतिपूजक नहुनेले आफूलाई प्रकृतिपूजक दाबी नै किन गर्नु ?

*(दाङमा रहेर उद्यम गर्ने आचार्य वातावरण र जलवायुबारे लेख्छन् ।)*

विकास खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
२०८१ माघ ०७ गते सोमबार, 20 Jan., 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# बालबालिकासँग कसरी समय बिताउने ?



केही प्रश्न आफैंसँग गर्नुहोस् त, के तपाईंका बालबच्चा तपाईंसँग खुसीसाथ झ्याम्मिन्छन् ? तपाईंलाई देख्नासाथ उत्साहित हुन्छन् ? तपाईंसँग नयाँ नयाँ कुरा गर्न उत्सुक हुन्छन् ? तपाईंको काममा सहयोग गर्न तत्परता देखाउँछन् ? तपाईंसँग खुलेर आफ्नो मनको कुरा भन्छन् ?

यी प्रश्नहरूको उत्तरले यस्तो सूचक हुनसक्छ, जसले तपाईं आफ्नो बच्चासँग कति नजिक वा टाढा हुनुहुन्छ भन्ने देखाउँछ । भनिन्छ नि, बच्चाको आमाबुवा हुनु र अभिभावक हुनु फरक कुरा हुन् । बच्चा जन्माउन कठिन नहोला जति बच्चालाई सही ढंगले हुर्काउनु, बढाउनु हुन्छ ।

त्यसैले बच्चासँग तपाईंको घनिष्ठता यस्तो हुनुपर्छ  कि जसले एउटा सही अभिभावकत्वको अनुभूत गराओस् । अभिभावक हुनु भनेको बच्चाको हेरचाह, पालनपोषण गर्नु मात्र पनि होइन । खासमा त बच्चाको आवश्यकता अनुरूप कहिले आमाबुवा, कहिले दौंतरी बन्नु हो । अतः यसका लागि तपाईंले उनीहरूसँग खास समय व्यतीत गर्नुपर्ने हुन्छ ।

बच्चासँग तपाईं कति समय बिताउनुहुन्छ यो महत्वपूर्ण कुरा होइन । तर बच्चासँग कस्तो समय बिताउनुहुन्छ यो महत्वपूर्ण कुरा हो ।

आफ्नो बच्चासँग तपाईंले यस्तो समय बिताउनुपर्ने हुन्छ, जसले उनीहरूमा ज्ञान, सीप, उर्जा, मनोरञ्जन, उमंग ल्याउन सकोस् । त्यसो भए बच्चासँग कसरी स्तरीय समय बिताउने त ?

### बच्चाका लागि बच्चा बन्नुहोस्

बच्चासँग रहँदा तपाईंले साथीको रूपमा आफूलाई पेस गर्नु उत्तम हुन्छ । उनीहरूसँग खेल्ने, कुराकानी गर्ने । उनीहरूले यस्तो अनुभूत गरोस् कि आफ्नो लागि कोही असल मित्र पनि छन् । यसरी बच्चासँग मित्रवत् व्यवहार गर्नुभयो भने उनीहरू तपाईंसँग एकदमै निकट र खुलस्त हुनेछन् । यसले गर्दा बच्चालाई सही मार्गदर्शन दिन सहज हुन्छ ।

### कथा सुनाउनुहोस्

कथा सुनाउनु एकदमै राम्रो काइदा हो । तपाईं फुर्सदमा हुनुहुन्छ र घरमै हुनुहुन्छ भने बालबच्चालाई आफूसँगै राखेर कथाहरू सुनाउनुहोस् । कहिले परीका कथा, कहिले विज्ञान चमत्कारका कथा । कहिले आफ्नै पूर्खाहरूको कथा त कहिले नीतिकथा सुनाउने गर्नुहोस् । यसले बच्चाहरूमा अरूको कुरा सुन्ने, धैर्य गर्ने र कल्पना गर्ने क्षमताको विकास हुन्छ ।

अर्को महत्वपूर्ण कुरा के पनि भने बिहान बच्चा उठ्ने बेला र राति बच्चा सुत्नेबेला यसरी नै कुनै कथा सुनाइदिनुहोस् ।

### भान्सामा लानुहोस्

भान्सा वास्तवमै ठूलो पाठ्यपुस्तक हो । तपाईं चिया पकाउन लाग्नुभएको छ वा कुनै परिकार बनाउन लाग्नुभएको छ भने बच्चालाई पनि आफूसँगै बोलाउनुहोस् । भान्सामा उनको सहयोग माग्नुहोस् । यसरी भान्सामा काम गर्दा बच्चाले खानेकुरा, पोषणका कुरा, स्वास्थ्यका कुरा सिक्छन् । भविष्यमा पाककलामा पोख्त हुन्छन् ।

भान्सामा आफूसँगै काम गर्न लगाएपछि बच्चाले कुन खानेकुरा कसरी पकाउने, त्यसको स्वाद कस्तो हुन्छ भन्ने कुरा त जान्ने नै भए आफ्नो रूचि र स्वाद अनुसारका खानेकुरा बनाउन पनि उत्साहित हुन्छन् ।

### रचनात्मक काम गर्नुहोस्

घरमा बसेको बेला तपाईंले चित्र बनाउने, कथा लेख्ने, कुनै हस्तकला निर्माण गर्ने जस्ता काममा बच्चालाई प्रेरित गर्न सक्नुहुन्छ । रंगहरू खेलाउन, कैंची चलाउन सिकाउनुहोस् । गीत गाउन, नाच्न, अभिनय पनि गर्न सकिन्छ । यसले उनीहरूको रूचि पहिल्याउन र आत्मविश्वास बढाउन मद्दत गर्छ ।

### बगैंचा वा बारीमा लानुहोस्

घरमा फूल रोप्ने, गोडमेल गर्ने, पानी हाल्नेजस्ता काममा बच्चालाई अगाडि सार्नुहोस् । यसले उनीहरूलाई खुसी मात्र बनाउँदैन श्रमप्रति सम्मान गर्ने भाव पनि विकास गराउँछ । उनीहरूले रोपेको फूल कसरी सप्रिंदैछ, कसरी कोपिला निस्कँदैछ ? कसरी फुल्दैछ भन्ने कौतुहलताले उनीहरूलाई सधैं उत्साहित बन्न मद्दत गर्छ । साथै माटो र प्रकृतिसँग नजिक पनि पुर्‍याउँछ ।

# पलेंटी कसेर बसेर खानु पाचनका लागि कति फाइदाजनक ?

भुईंमा पलेंटी कसेर बसेर खाने नेपाली परम्परा नै हो । आधुनिक जीवनशैलीसँगै अहिले टेबल–कुर्सीमा बसेर खाने चलन व्यापक छ । यस्तोमा प्रश्न उठ्छ कुर्सीमा बसेर खानु राम्रो कि पलेंटी मारेर बसेर ?

आयुर्वेदका अनुसार भुईंमा पलेटी कसेर बसेर खाना खानुलाई राम्रो मानिन्छ । यसरी पलेंटी कसेर खानुलाई योगमा सुखासन पनि भनिन्छ । यसरी बसेर खाँदा मनमा एकाग्रता पैदा हुने र मस्तिष्कमा आराम मिल्नुका साथै मानसिक तनाव कम हुन्छ । यसरी खाँदा खाना पचाउन पनि राम्रो मद्दत गर्छ । साथै बसेर खानु पाचन प्रणालीको लागि उत्तम अभ्यास मानिन्छ ।

### किन राम्रो पलेंटी कसेर बसेर खानु ?

मुटुबाट निस्केको रगत शरीरभर प्रवाह हुन्छ । तर खाना खाँदाखेरि



रक्तसञ्चारको आवश्यकता सबैभन्दा बढी आमाशय र आन्द्राको भागमा हुन्छ, जुन पलेंटी कसेर खाँदा पूरा हुन्छ । किनभने यसबेला घुँडाको तल खुट्टा मोडिएको हुन्छ, जसकारण खुट्टातिर जाने र क्तसञ्चार शरीरको मध्यभागमा अर्थात् आमाशय र आन्द्राको भागमा जान्छ । यसकारण खाना सजिलै पच्छ । तर कुर्सीमा बसेर वा उठेर खाना खाँदा पाचन प्रणालीलाई चाहिने पर्याप्त रक्त सञ्चार हुन पाउँदैन । फलस्वरूप खाना सजिलै पच्दैन ।

पलेंटी कसेर खाना खानाले भ्यागस नर्भ (एकप्रकारको नसा) बढी सक्रिय हुन्छ । यसले पाचन प्रणालीको लागि चाहिने पर्याप्त पाचन रसलाई बढाउँछ र खाना सजिलै पचाउन मद्दत गर्छ । त्यस्तै पलेंटी कसेर खाँदा शरीर पटक–पटक झुक्ने र उठ्ने हुन्छ, जसले पाचन प्रक्रिया सक्रिय हुन्छ र खाना छिटो पचाउन मद्दत मिल्छ । यसले ढाडको तल्लो भाग, पेट र पेटका मांसपेशीहरू तन्किन्छन्, जसले पाचन प्रणालीले आरामसँग काम गर्न सहज गराउँछ ।

पलेंटी कसेर बस्दा पेटमा दबाब पर्ने भएकाले थोरै खाना खाँदा पनि पेट भरिएको अनुभूति हुन्छ । जसकारण खाना ठिक्क मात्रामा खाइने भएका पाचन प्रकिया सहज हुन्छ । साथै मोटोपनको समस्याबाट जोगिन सकिन्छ ।

पलेंटी कसेर बसेर खाँदा प्रत्येक गाँसको लागि शरीर झुक्ने र उठ्ने भएकाले मेरूदण्डको व्यायाम समेत हुन पाउँछ ।

### पलेंटी बसेर खानाले यी रोगबाट जोगाउँछ

पलेंटी कसेर खाना खाँदा विभिन्न रोगबाट समेत बच्न सकिन्छ । अपच, ग्यास्ट्रिक, कब्जियत, पेट फुल्ने लगायत पेटसम्बन्धी समस्यामा यसले राहत पुर्‍याउँछ । पलेंटी कसेर खाँदा शरीरको मेरूदण्ड लचिलो हुने हुनाले ढाड दुख्ने, कम्मर दुख्ने समस्याबाट जोगाउँछ । तर कसैलाई घुँडा दुख्ने वा कम्मर दुख्ने समस्या भएमा भने पलेंटी कसेर बसेर खानु हुँदैन । यसले नकारात्मक असर पर्न सक्छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# मनहरी ७ नम्बर वडालाई वडाअध्यक्ष भिमान सहिदस्मृति कप फुटबलको उपाधि

◆ विकास संवाददाता



मनहरी गाउँपालिका वडास्तरीय दोश्रो वडाअध्यक्ष भिमान सहिदस्मृति कप फुटबल प्रतियोगिताको उपाधि एफसी मनहरी–७ ले जितेको छ । प्रतियोगिताको फाइनल खेलमा एफसी मनहरी–७ ले वडा नम्बर ७ कै चुरियामाई युवा क्लब रमौलीलाई ३–१ गोलअन्तरले पराजित गरी उपाधि जितेको हो । एफसी मनहरी–७ नम्बरको जीतमा कपिल मुक्तान, समिर स्याङ्तान र आन्द्रेस स्याङ्तानले १/१ गोल गरे । बिजेता रमौलीको तर्फबाट किरण राउतले १ गोल गरे ।

बिजेता एफसी मनहरी–७ ले नगद ५० हजार ५५५ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे । यस्तै उपबिजेता र मौलीले नगद २५ हजार ५५५ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा एफसि मनहरी–७ का मनिष पौडेलले उत्कृष्ट खेलाडीसँगै सर्वाधिक गोलकर्ताको उपाधि जिते । उनले प्रतियोगिता अवधिभर ७ गोल गरेका थिए । उत्कृष्ट फरवार्ड र उत्कृष्ट गोलर क्षकमा एफसी मनहरी–७ मिलन स्याङ्तान र अनुप तितुङ भए । उत्कृष्ट डिफेण्डरमा रमौलीका अभिशेक सुवेदी घोषित भए । वडा खेलकुद विकास समिति मनहरी गाउँपालिका–२ को आयोजनामा पुस २६ गतेदेखि सुरू भएको प्रतियोगितामा मनहरी गउँपालिकाको विभिन्न वडाका १६ टिमको सहभागिता रहेको थियो । प्रतियोगिताका बिजेता तथा उपबिजेता टिमलाई बागमती प्रदेशसभा सदस्य एवम् सामाजिक विकास पूर्वमन्त्री कुमारी मोक्तानले पुरस्कार, मेडल तथा ट्रफी हस्तान्तरण गरिन् ।

पुरस्कार वितरण तथा समापन समारोहको प्रमुख अतिथि पूर्वमन्त्री मोक्तानले राष्ट्रियरूपमा आफ्नो स्थानको पहिचान गराउन खेलकुद महत्वपूर्ण बन्दै गएको बताइन् । मोक्तानले राज्यले खेलकुद जगतमा विशेष ध्यान बताउँदै खेलाडीमा लगनशीलता र अनुशासन अपरिहार्य भएको बताइन् । तत्कालीन माओवादी जनयुद्धको क्रममा २०६० माघ २२ गते सरकारपक्षको आक्रमणमा परी मनहरी–२ भिमानमा २ जना स्थानीय सहित १९ जनाको मृत्यु भएको घटनाको स्मृतिमा वडाअध्यक्ष भिमान सहिदस्मृति कप फुटबल प्रतियोगिताको आयोजना गरिएको वडा खेलकुद विकास समिति मनहरी–२ का अध्यक्ष सुकराम मुक्तानले बताए ।

पुरस्कार वितरण तथा समापन समारोहमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला सचिव वीरबहादुर घलान ुज्वालु, मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, वडा नम्बर २ का अध्यक्ष राजकुमार पाख्रिन, वडा नम्बर ४ का अध्यक्ष प्रकाश थापा, वडा नम्बर ५ का अध्यक्ष दीपेन्द्र अधिकारी, वडा नम्बर ७ का अध्यक्ष ठाकुरराम तितुङ, नेकपा मकवानपुर जिल्ला ईन्चार्ज वाटर, मनहरी खेलकुद विकास समिति अध्यक्ष बीरू लामालगायतको आतिथ्यता रहेको थियो । मनहरी गाउँपालिकाबाट खेलकुदमा राष्ट्रियस्तरमा पालिकाको पहिचान दिलाउन सफल फुटबल खेलाडी क्रिशल मोक्तान र सन्तोष गोङ्बालाई नगदसहित सम्मान गरिएको थियो ।

यसैगरी मकवानपुर को खेलकुद जगतलाई माथि उकास्न योगदान पुर्‍याएको भन्दै भीम लामा र सञ्चार मार्फत् योदान पुर्‍याएबापत कालीपोखरी डटकमका प्रवन्धक/सम्पादक उमेश राईलाई नगदसहित कदरपत्रले सम्मान गरिएको थियो । प्रतियोगितामा वडा खेलकुद विकास समिति मनहरी–२ को आयोजना तथा मनहरी गाउँपालिका–२ नम्बर वडाले आर्थिक सहयोग रहेको थियो । त्रिरत्न आधारभूत विद्यालय मनहरी–२ दोभानको खेलमैदानमा सम्पन्न प्रतियोगिता वडा खेलकुद विकास समिति मनहरी–२ का अध्यक्ष मुक्तानको अध्यक्षतामा भएको थियो ।

# बकैया गोल्डकपको उपाधीः सिनियरतर्फ वडा नम्बर ३ र जुनियरतर्फ ११ नम्बर वडालाई

◆ विकास संवाददाता

बकैया गोल्डकप प्रतियोगिताको फाइनल खेल सकिएको छ । छैठौं संस्करणको यस प्रतियोगितामा सिनियर तर्फ ३ नम्बर वडा र जुनियरतर्फ ११ नम्बर वडाले उपाधि चुमेको छ । बकैया गाउँपालिका वडा नम्बर ३ हात्तीसुडेस्थित बकैया रंगशालामा १ माघमा भएको फाइनल खेलमा वडा नम्बर ९ लाई ५–० गोलले हराउँदै ३ नम्बरले प्रतियोगिताको उपाधी जितेको हो । ३ नम्बरको जितमा आयुष नेगीले ह्याट्रिक गरे । यस्तै अन्जन गोले र सुजन गुरूङले एक–एक गोल गरे ।

सिनियरतर्फ ३ नम्बरका सुजन गुरूङ सर्वोत्कृष्ट खेलाडी घोषित भए । यस्तै उत्कृष्ट गोलरक्षक ३ नम्बरकै सरोज भुलन, डिफेन्डर अन्जन गोले, सर्वाधिक गोलकर्ता आयुष नेगी र उत्कृष्ट प्रशिक्षक विश्वराज लामिछाने घोषित भए । यस्तै उदयमान खेलाडी ५ नम्बरका करण र ाना मगर, उत्कृष्ट मिडफिल्डर ९ नम्बर का विशाल भोलन र स्टाइकर अभिषेक भोलन घोषित भए । सर्वोत्कृष्टले ५ हजार र अन्य जनहीले ३–३ हजार रूपैयाँ प्राप्त गरेका छन् । जीतसंगै वढा नम्बर ३ ले १ लाख रूपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता ९ नम्बरले ५० हजार रूपैयाँमा चित्त बुझाएको छ । यस्तै जुनियरतर्फ वडा नम्बर वडा नम्बर २ लाई टाइब्रेकरमा ४–३ गोलले हराउँदै ११ ले उपाधी जितेको हो । निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । जितसँगै ११ नम्बरले ५० हजार रूपैयाँसहित शिल्ड, मेडल तथा प्रमाडापत्र प्राप्त गरेको छ भने उपविजेता २ नम्बरले २५ हजार रूपैयाँमा चित्त बुझाएका छन् । विजेता ११ नम्बरले सातौं संस्करणको बकैया कपमा सिनियर तर्फबाट सहभागी हुनेछ ।

जुनियरतर्फ प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी ११ नम्बरका सुबास लो घोषित भए । उनले ५ हजार रूपैयाँ प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षक ११ का सुजन लो, उत्कृष्ट डिफेन्डर २ का चस्मेलाल स्याङतन, मिडफिल्डर २ का मनोज स्याङ्तन, फरवार्ड ११ का निखिल घलान, सर्वाधिक गोलकर्ता ११ का धन बहादुर न्यासुर, उदयमान खेलाडी ११ का सुबास लुङ्बा र उत्कृष्ट प्रशिक्षक ११ का दिर्घ बहादुर लामा घोषित भए । विधागत उत्कृष्टहरूले जनही ३–३ हजार रूपैयाँ प्राप्त गरेका छन् । आयोजकले पत्रकार दिक्षान्स खड्कालाई ५ हजार रूपैयाँसहित पत्रकार पुरस्कार प्रदान गरेको छ ।

बकैया खेलकुद विकास समितिका संयोजक विजय लामा थिङको सभाध्यक्ष तथा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यतामा भएको थियो ।

# राक्सिराङका १०० वर्षीय चेपाङ दम्पतीलाई नयाँ घर

◆ विकास संवाददाता

घामपानी छिर्ने अत्यन्त साँघुरो कतरे छाप्रोमा बस्दै आएका १०० वर्षीय जयराम (प्रजा) चेपाङ दम्पतीले चिटिक्क परेको नयाँ घर पाएका छन् । शौचालयसहितको नयाँ घर पाउँदा आफूहरू दंग परेको उनीहरूले सुनाए ।

जयराम दम्पतीलाई पोखरा घर भइ अमेरिका बस्दै आएका कर्ण गुरूङको परिवारले छाप्रोनजिकै पक्की घर बनाइदिएका हुन् । मकवानपुरको राक्सिराङ गाउँपालिका–५ साचक टोलमा अभियन्ता रेखा लोप्चन तामाङको अगुवाइमा निर्माण गरिएको उक्त नवनिर्मित घर पूर्वसहरी विकास मन्त्री रामकुमारी झाँक्रीले ५ माघमा चेपाङ दम्पतीलाई डोर्‍याउँदै घरभित्र प्रवेश गराइएकी छिन् । भुइँमा कार्पेट बिच्छ्याएको र बिस्तरासहितको २ वटा पलङ भएको कोठाभित्र छिर्दै जयरामले हँसिलो अनुहार पार्दै चेपाङ भाषामा भने, 'किम दोती आसतेआया' (घर पाउँदा खुसी लाग्यो) ।

वि.सं. १९८१ मा जन्मेका जयरामभन्दा १० वर्ष कान्छी श्रीमती लक्ष्मी चेपाङले मर्ने बेलामा नयाँ घरमा बस्न पाइयो भन्दै सबैलाई नमस्कार गरिन् । कपाल /दारी सेताम्मे भइसकेका जयराम कुप्रेर बल्लतल्ल हिँड्छन् । ९० वर्षीया लक्ष्मी उनीभन्दा अलि फुर्तिली छिन् । उनले नै घरमा खाना पकाउने गर्छिन् । सधैं चार औंले लगौंटी लगाइरहने जयरामलाई ५ माघमा भने छिमेकीले कट्टु लगाइदिएका थिए । होइन शरीरको माथिल्लो भाग ढाक्न खुइलिएको निलो कमिज लगाइदिएका थिए । जयरामले लक्ष्मीभन्दा पहिला पनि एक महिलासँग विवाह गरेका थिए । सन्तान नभएपछि ती महिला गाउँकै अर्के पुरूषसँग विवाह गरेर गएकी थिइन् । उनले छोडेपछि ५१ वर्षको उमेरमा उनले लक्ष्मीसँग विवाह गरेका थिए । उनीबाट पनि जयराम सन्तान जन्मेनन् । यी चेपाङ दम्पतीको रेखदेख भतिजा नाता पर्ने कोकिल चेपाङले गर्दै आएका छन् । चेपाङ दम्पतीले सामाजिक सुरक्षा भत्ताबाट खर्च चलाइरहेका छन् । 'वृद्धभत्ताले यिनीहरूलाई बचाएको छ', छिमेकी नरबहादुर चेपाङले भने, 'पुग–अपुगमा कोकिल चेपाङले भरथेग गरेको छ ।'

३ लाख ७ हजार रूपैयाँमा निर्माण गरिएको नवनिर्मित घरमा सोलार पनि जोडिएको छ । पिउने पानीको धारा र पक्की शौचालय पनि निर्माण गरिएको छ ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि
अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरका १ हजार ९९८ बालिकालाई नि:शुल्क एचपीभी खोप लगाइने

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले नगरका १ हजार ९ सय ९८ बालिकाहरूलाई पाठेघरको मुखको क्यान्सर न्यूनीकरण गर्ने उद्देश्यले ह्युमन प्यामिलोमा भाइरस (एचपीभी) विरूद्धको खोप नि:शुल्क दिने भएको छ । नेपाल सरकारको खोप अभियान अन्तर्गत २२ माघदेखि ६ फागुनसम्म थाहानगरले १० वटा स्वास्थ्य संस्थाबाट बालिकाहरूलाई एचपीभी खोप लगाउन लागेको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए ।

'पालिका क्षेत्रमा रहेका विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने १ हजार ९ सय ९८ बालिकालाई नि:शुल्क खोप लगाउने लक्ष्य छ, हामी तयारीमा लागिसकेका छौं'–स्वास्थ्य शाखा प्रमुख बलामीले भने । खोप अभियानको तयारी अन्तर्गत ३ माघमा नगर खोप समन्वय समिती, सरोकारवाला निकायका प्रतिनीधि र सञ्चारकर्मीहरूलाई अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी




सम्पन्न गरिएको छ ।

थाहा नगरपालिकाको नयाँवस्ती आधारभूत स्वास्थ्य केन्द्रले १ सय ७८ बालिकालई खोप लगाउने लक्ष्य लिएको छ । २२ माघदेखि ६ फागुनसम्म लगाइने एचपीभी खोप पालुङ स्वास्थ्य चौकीले १ सय ९२, पालुङ प्राथमिक स्वास्थ्य केन्द्रले ३ सय ९२, भूमिस्थान आधारभूत स्वास्थ्य केन्द्रले ४५, बज्रवाराही स्वास्थ्य चौकीले ३ सय १९ बालिकालाई खोप लगाउने लक्ष्य लिएको छ । त्यस्तै देउखेल शहरी स्वास्थ्य केन्द्रले १ सय ४०, आग्रा स्वास्थ्य चौकीले २ सय १६, चित्लाङ स्वास्थ्य चौकीले ६८ जना, टौखेल शहरी स्वास्थ्य केन्द्रले १ सय ५३ र टिष्टुङ स्वास्थ्य चौकीले २ सय ९५ बालिकाहरूलाई एचपीभी खोप लगाउने लक्ष्य लिएको स्वास्थ्य शाखा प्रमुख बलामीले जानकारी दिए ।

कार्यक्रममा सहजीकरण गर्दै पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर बिनिशा श्रेष्ठले भाइरसको संक्रमणको प्रमुख कारण कलिलो उमेरमा विवाह गर्ने, कलिलो उमेरमै बच्चा जन्माउने, धेरै बच्चा पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउनेलगायत रहेको बताइन् । डाक्टर श्रेष्ठले धेरै जनासँग यौन सम्बन्ध बनाउने, असुरिक्षत यौन सम्पर्क गर्ने, धेरै धूमपान तथा मद्यपान गर्ने र यौनाङ्गको सरसफाइमा ध्यान नदिदा पनि पाठेघरको मुखको क्यान्सर हुने उल्लेख गरिन् । श्रेष्ठका अनुसार '३० देखि ४५ वर्षसम्म पुग्दासम्म ८० प्रतिशत एचभीपीको संक्रमण भइसकेको हुन्छ, ९ देखि १४ वर्ष खोप लगाउने उपयुक्त उमेर हो ।'

स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले एचपीभी खेपलाई नियमित खोपको कार्यक्रममा समावेश गरी १० वर्षको बालिकालाई मात्रै दिने सरकारको योजना रहेको कार्यक्रममा जानकारी गराए । 'अर्को वर्षदेखि एचपीभी खोप नियमित खोप कार्यक्रममा समावेश गरिने जानकारी छ'–बलामीले भने । नगर खोप समन्वय समितिका संयोजक तथा नगर कार्यपालिकाका प्रमुख विष्णु बहादुर विष्टको सभाध्यक्षतामा भएको अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठीका सहभागीहरूलाई जनस्वास्थ्य कार्यालय मकवानपुरका अधिकृत डिरेन्द्र बुढा मगर, जिल्ला जनस्वास्थ्यका मनिर आलम, पालुङ प्राथमिक स्वास्थ्य केन्द्रकी प्रमुख डाक्टर बिनिशा श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीलगायतले सहजीकरण गरेका थिए ।


थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायिकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिधालय भर्ना गर्न उमेर पुगेका आफना नानिबाबुहरुलाई समयमै विधालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


# इन्द्रायणी मन्दिरमा सिंहको मुर्ति प्रतिस्थापन गरियो



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको प्रसिद्ध इन्द्रायणी माइको मन्दिरमा सिंहको प्रतिमा राखिएको छ । थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको सो मन्दिरमा थाहा नगरपालिका वडा नम्बर २ अंगारे निवासी माधव कार्की, दीपक कार्की, राजेन्द्र कार्की, रामहरि कार्कीलगायत सुतार कार्की समूह र कुशल शर्मा समेतले ५ माघ विहान ब्राम्हणबाट मन्त्रोच्चारण गरी विधिपूर्वक सिंहको प्रतिमा राखिएको हो ।

इन्द्रायणीको बहानको रूपमा मानिदै आएको सिंहको प्रतिमा दुई फिट उचाइको छ भने तौल १२० किलोग्राम रहेको छ । सो सिंहको प्रतिमा इन्द्रायणी माइको दायाँबायाँ राखिएको छ । सिंहको मूर्ति खरिद गरी प्रतिस्थापन गर्ने कार्की गम्भीर सिंह कार्कीका नातीहरू हुने भने जसीमन्त र शिवहरीका सन्तती हुन् ।

सामाजिक काममा अग्रसर कार्कीहरूले मन्दिरका लागि सिंहको प्रतिमा स्वतस्फूर्त रूपमा सहयोग गरेको बताएका छन् । उनीहरूले मन्दिर परिसरको पर्खालको भित्र वरीपरी पित्तल लेपनमा समेत सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

सिंहको प्रतिमा प्रतिस्थापन कार्यक्रममा इन्द्रायणी कालाभैरव गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठ तथा पदाअधिकारीहरूलगायतले सहयोगीहरूलाई स्वागत तथा सम्मान गरेका थिए । प्रतिमा सहयोगीहरू तथा भक्तजनहरूलाई पालुङका निरोज प्रधान तथा सविता प्रधानको परिवारले प्रसाद ग्रहण गराएका थिए । कार्यक्रममा स्थानीय भक्तजनहरूको समेत सहभागीता रहेको थियो ।

# नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर गढी गाउँपालिकाको अध्यक्षमा गौतम



◆ विकास संवाददाता

नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरगढी गाउँपालिकाको अध्यक्षमा राजुप्रसाद गौतम चयन भएका छन् । ५ माघमा भएको तेस्रो अधिवेशनबाट गौतमको अध्यक्षतामा नयाँ कार्य समिति निर्माण भएको हो ।

समितिको उपाध्यक्षमा सुमिता घिमिरे र रामचन्द्र न्यौपाने, सचिवमा जयराम न्यौपाने, कोषाध्यक्षमा विष्णुमाया नगरकोटी, सहसचिवमा शारदा दुलाल र सहकोषाध्यक्षमा शान्तिमाया स्याङ्बो चयन भएका छन् । यसैगरी सदस्यमा हिरामाया स्याङ्तान, नवीन भुजेल, शकुन्तला गिरी, साधुराम पुडासैनी, र जनी दुलाल, सानु तितुङ, कविता दाहाल, ममता अधिकारी, सुभद्रा भट्ट, भुवन थिङ र राकेशकुमार दवे चयन भएका छन् । संगठनका मकवानपुर गढी गाउँपालिका अध्यक्ष टंकप्रसाद चौलागाईंको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समिति मकवानपुरका अध्यक्ष श्रीराम दाहालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेकपा एमालेको बागमती प्रदेश समिति सदस्य बद्री लम्साल, नेकपा एमाले जिल्ला सचिवालय सदस्य विदुर हुमागाई, नेराशिस बागमती प्रदेश सदस्य बालकुमार श्रेष्ठ, पेशागत महासङ्घ बागमती प्रदेशका उपाध्यक्ष सीताराम दाहाल, नेकपा एमाले गढी गाउँपालिका अध्यक्ष जितबहादुर घिमिरे, बुद्धिजीवी परिषद् बागमती प्रदेशका सदस्य मोहनप्रसाद न्यौपाने, सचिवालय सदस्य डीबी बर्तौलालगायतको आतिथ्यता रहेको थियो ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

दोस्रो संस्करण

# थाहा फिल्म फेस्टिभलमा २१ फिल्मले स्थान पाए

◆ विकास संवाददाता



एउटा नयाँ विषय 'फिल्म फेस्टिभल ।' मेला, जात्रा, उत्सव, महोत्सव आयोजना गर्नुभन्दा नितान्त फरक क्षेत्र । तर पनि फिल्म फेस्टिभलको हुटहुटीले थाहा कला केन्द्रलाई छोड्दै छोडेन । र, दोस्रो संस्करणको 'थाहा फिल्म फेस्टिभल, २०२५' सम्पन्न गरेरै छाडे । पहिलो संस्करण मकवानपुर जिल्लाको थाहा नगरपालिकाकै पालुङ, जेसिज हलमा आयोजना गरेको थाहा कला केन्द्रले यसवर्ष ठाउँ फेरेर बज्रवाराहीको सुमार्गी भवनमा आयोजना गरेको थियो ।

थाहा नगरपालिका वडा नम्बर ६ स्थित सुमार्गी भवनमा २८ पुसमा पूर्व गृहराज्यमन्त्री एवं नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले उद्घाटन गरेका थिए भने १ मागमा फेस्टिभलको थाहा नगरपालिका नगर कार्यपालिकाका उपप्रमुख भरत गोपालीले समापन गरेका हुन् । फिल्मी क्षेत्रमा क्रियाशील थाहा कला केन्द्रले आयोजना गरेको फेस्टिभलमा विभिन्न २१ फिल्म प्रदर्शन गरिएको थियो ।

फिल्म फेस्टिभलमा 'यो जिन्दगी खै, के जिन्दगी' 'पखेटा', 'टुल्की', 'बाटो', 'लाखे', 'सतिदेवी' र 'मोदिबेनी', 'बेलीरू', 'अन्तवार्ता' 'द रोप अफ होप', 'निर्देश', 'दुई सय रूपैया', 'खिल', 'हिउँ चितुवा', 'गर्ल्स रिराइटिङ डेस्टिनी'लगायतका फिल्ड, सर्ट फिल्म तथा डकुमेन्ट्रीहरू प्रदर्शनी गरिएको थाहा फिल्म फेस्टिभलका संयोजक प्रमोदकृष्ण जोशीले जानकारी दिए ।

फेस्टिभलको अवसरमा 'नेपाली फिल्मको विविधता' शीर्षकमा निर्देशक सुलक्षण भारती र कलाकार नवीन न्यौपानेले अन्तरक्रिया गरेका थिए । फेस्टिभलको दोस्रो दिनमा 'किन चाहिन्छ फिल्म समीक्षा ?' शीर्षकमा समीक्षक प्रसन्न माली, श्रीजु सरल र प्रभाकर गौतमबीच छलफल भएको थियो । सोही क्रममा बिभिन्न स्थानबाट सहभागी फिल्मकर्मी र सञ्चारकर्मीहरूको प्रश्न सहित चुनौती बारे छलफल भएको थियो ।

कार्यक्रमको अवसरमा फेस्टिभलका संयोजक प्रमोदकृष्ण जोशीले थाहानगरलाई पर्यटकीय गन्तव्यको रूपमा परिचित गराउँदै फिल्म छायांकन क्षेत्रको रूपमा विकास गर्नका लागि फेस्टिभल फलदायी हुने प्रतिक्रिया दिए । जोशीले भने–'यसखाले फेस्टिभलमा सबैले साथ दिनुपर्छ ।' थाहानगरभित्र हालसम्म कुनै फिल्म हल सञ्चालनमा नभएसँगै नेपाली फिल्म हेर्न नपाउने दर्शकलाई लक्षित गरेर आयोजना गरिएको फेस्टिभलको सबैबाट राम्रो प्रतिक्रिया पाइएको संयोजक जोशीले बताए ।

थाहा कला केन्द्रका अध्यक्ष सानोबाबु मोक्तानले पर्यटन र चलचित्र उद्योगलाई जोड्न सके थाहामा थप पर्यटकको आकर्षण बढाउन सकिने धाराणा राखे । मोक्तानले फेस्टिभलले नगरलाई थप परिचित बनाउने विश्वास व्यत्तः गरे । 'पर्यटनका लागि फिल्म फेस्टिभल' भन्ने नाराका साथ आयोजित फिल्म फेस्टिभलबाटै थाहानगर र इन्द्रसरोवर गाउँपालिकालाई मिनी फिल्म सिटीका रूपमा विकास गर्न उन्मुख गराउनु लक्ष्य रहेको प्रष्ट्याए ।

गत वर्ष फिल्म प्रदर्शन गरेर फिल्म लिएर आउने फिल्मकर्मीलाई दामन, फाँटबजार, सिमभञ्याङ लगायत स्थानको भ्रमण गराएपछि म्युजिक भिडियो, फिल्म र टेलिफिल्म छायांकन हुनेको संख्या बढेको अध्यक्ष मोक्तनको भनाइ छ । 'हामीले आयोजना गरेको पहिलो फेस्टिभलले थाहाको प्रचारलाई तीव्र बनाइरहेको छ भन्ने महसुश भएका कारण पनि दोस्रो संसकरणका रूपमा आयोजित फेस्टिभलले थाहालाई अझै थप केही दिने बिश्वास छ'–मोक्तानले भने । फेस्टिभल हुने भनेपछि सफल बनाउन सबैको राम्रै साथ पाएको कारण सम्पन्न भएकोमा खुसीलागेको बताए ।

फेस्टिभल एक व्यक्तिबाट मात्र सफल हुन नसक्ने बताउँदै सबैको साथ सहयोगबाटै सफल भएको उनको प्रतिक्रिया रहेको थियो । अध्यक्ष मोक्तानले भने–'हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरेर सहभागी हुने प्रमुख अतिथी, विशिष्ट अतिथी, अतिथि, राजनैतिक नेतृत्वहरू, चलचित्र निर्माता, निर्देशक तथा कलाकार, सञ्चारकर्मी, शुभेच्छुक, शुभचिन्त सम्पूर्णमा आभार व्यक्त गर्दछु ।'

## सकियो मिनी आग्रा .......

सोनाम ल्होछारको अवसरमा आग्राको पर्यटनलाई चिनाउनको लागि मिनी महोत्सवसहित प्रतियोगिता आयोजना गरिएको आयोजक समितिका सल्लाहकार रामकुमार घलानले बताए ।

घलानका अनुसार हाल थाहा नगरपालिकाको वडा न ७ र ८ तथा तत्कालीन आग्रा गाबिसमा रहेको पौराणिक, ऐतिहासिक तथा धार्मिक पर्यटकिय स्थलहरूको प्रचार प्रचार र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न महोत्सव आयोजना गर्न लागिएको बताए । ४ दिनसम्म भएको मिनी महोत्सवमा राष्ट्रिय कलाकारहरू गायिका शान्ता रानी परियार, जितु लोप्चन, बाबुकृष्ण परियार, सानू केसी, सर्मिला गुरूङ (सरू), रजनी लामा र डान्सरहरू ममता रानामगर, पुजा सुनार, सविना राई, उद्घोषक पिम्सरा आले मगर र राममाया वाइवा सहित स्थानीय कलाकारहरूको बेजोड प्रस्तुती रहेको थियो। कार्यक्रममा तामाङ खाना, तामाङ संस्कृति झल्कने विभिन्न झाँकीसहित विविध स्टलहरू राखिएका थिए ।

नमुना जागरण युवा क्लवको अध्यक्ष जयराम घलानको अध्यक्षतामा भएको समापन समारोहमा थाहा नगरपालिकाका निवर्तमान उपप्रमुख खड्क गोपाली, वडा नम्बर ८ का अध्यक्ष हेम कुमार थिङ, वडा न ७ का अध्यक्ष शिवराज थिङ, वडा नम्बर ९ का अध्यक्ष राजकुमार बलामी, नेपाली काँग्रेस नगर उपसभापति नवराज कार्की, थाहा ८ का पुर्व वडा अध्यक्ष टिकाराम रूम्बा, पालुङ जेसीजका महासचिव बिक्रम गोपाली, तामाङ घेदुङका नगर अध्यक्ष दिपेन्द्र कुमार थिङ, कार्यक्रमका आर्थिक संयोजक सिताराम घलान, आग्रा कृषि सहकारीका अध्यक्ष र मेश सेन्चुरी, रम्भादेबी एग्रीग्रेटका संचालक अर्जुन थापा, नेपाल भुतपुर्व सैनिक संघ मकवानपुर जिल्ला अध्यक्ष कमल कुमार केसीलगायतका आतिथ्यता रहेको थियो ।

सूचनाको हकको सम्मान र प्रबर्द्धन गरौं !

सार्वजनिक निकायले:

- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:

- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी